जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), सिरहाको बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७८/०३/३० गते बुधवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**उपस्थिति:**

प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, शेर गण चोहर्वा , सदस्य

प्रहरी उपरीक्षक, श्री हिरा वहादुर पाण्डे , जिल्ला प्रहरी कार्यालय, सिरहा , सदस्य

सशस्त्र प्रहरी उपरीक्षक, श्री दिपेन्द्र गिरी , सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. , सिरहा, सदस्य

उप.अनु. निर्देशक, श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा, सदस्य

जिल्ला समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा, सदस्य

मे.अ., डा. अखिलेस चौधरी, सिरहा अस्पताल, सिरहा, सदस्य

**आमन्त्रित:**

समन्वय प्रमुख - श्री राम चन्द्र ठाकुर, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

प्रमुख - श्री कृष्ण देव यादव, स्वास्थ्य कार्यालय, सिरहा

सभापति - श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी,सिरहा शाखा, सिरहा

केन्द्रीय परिषद् सदस्य - श्री देव कुमार यादव, नेपाल पत्रकार महासंघ

अध्यक्ष – श्री प्रमोद कुमार पौद्दार, सिरहा उद्योग वाणिज्य संघ, सिरहा

प्रशासकीय अधिकृत – श्री माधवराज ओझा, जिल्ला प्रशासन कार्यालय, सिरहा

## जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), सिरहाको बैठक मिति २०७८/०३/३० गते।

## बैठकको कारवाही एवम् निर्णय

१. कोभिड-१९ को नयाँ लहरको संक्रमण जोखिम न्यूनीकरण गर्न स्वास्थ्य सुरक्षाका अन्य उपाय अवलम्वन गराउनका अतिरिक्त मिति २०७८/०३/ १५ देखि नै सिरहा जिल्लाभर आंशिक निषेधाज्ञा जारी भै आएको छ।
कोभिड - १९ को दोस्रो लहरबाट सिरहा जिल्लाका पुरुष ७० र महिला ३५ गरी १०५ जनाको दु:खद निधन भई सकेको छ।
हाल कोभिड-१९ को संक्रमित र मृत्यु दर संख्यामा केही कमी आएतापनि परीक्षणको दर र दायरा बढाउन एवं परीक्षण नतिजा नआउँदासम्म अलग्गै रहन न.पा./गा.पा. को स्वास्थ्य शाखा समेतको क्रियाशिलता बढाउन सवै न.पा./गा.पा. को कार्यालय समेतलाई अनुरोध गर्ने।
कोभिड-१९ संक्रमण फैलन नदिन निषेध गरिएका विषयको वाहेक जिल्ला भरका सवै गतिविधि स्वास्थ्य सुरक्षाको मापदण्ड अनिवार्य रुपमा पालन गर्ने गरी न.पा./गा.पा., हरेक वडा कार्यालय, उद्योग बाणिज्य संघ र सुरक्षा निकाय समेतबाट कडाईकासाथ नियमन गर्ने गराउने।
कोभिड - १९ संक्रमण जोखिम न्यूनीकरणका उपाय अवलम्वन गरी जन जीवनलाई समेत अनुकुल तुल्याउन २०७८ श्रावण मसान्तसम्मकालागि देहाय अनुरुप गर्ने गरी प्रमुख जिल्ला अधिकारीबाट कानून बमोजिम आदेश जारी गर्न सिफारिस गर्ने।

क) सिट क्षमतामा नबढ्ने गरी अनिवार्य मास्क लगाएर सिरहा जिल्लाभर मात्र चल्ने गरी निजी, सरकारी एवं सार्वजनिक यातायात चलाउने तर पास लिई आवागमन गर्नु पर्ने अन्य जिल्लाकालागि जानु पर्ने कारण समेत खुलाई पासकालागि आवेदन गर्नु पर्ने व्यवस्था कायम रहने।

ख) ०७८ श्रावण ०१ देखि ऐ. श्रावण मसान्तसम्म नदी, घाट, तलाउ तथा धार्मिक स्थलमा भेला नभई घरमै बसी बोलबम लगायतका धार्मिक सांस्कृतिक कृत्य गर्ने।

ग) मास्क लगाई, दुरी कायम गरी, सावुन पानिले हात धुने वा स्यानीटाईजर लगाउने व्यवस्थालाई अनिवार्य रुपमा पालना गरेर मात्र व्यपार व्यवसाय गर्ने तर सो अनुरुप नभएमा संक्रमण रोग ऐन, २०२० एवं कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ बमोजिम कारवाही हुने।

घ) CCMC को २०७८/०१/१२ को प्रेस विज्ञप्तिमा उल्लेखित व्यवस्था अनुरुप भौतिक उपस्थितिमा हुने शिक्षण कक्षा वा परीक्षा संचालनमा रोक लगाएकोमा त्यसलाई निरन्तरता दिने र पछि छुट्टै निर्देशन प्राप्त भएमा सोही अनुसार हुने।

ङ) निषेधाज्ञाका विषयमा नेपाल सरकार (म.प.) वा CCMC बाट हुने निर्णय, आदेश वा निर्देशन प्राप्त भएमा सोही अनुरुप हुने छ।

च) अन्य व्यवस्था २०७८/०३/१४ कै आदेश अनुरुप हुन उपयुक्त हुने।

२०७८/३/३०

प्रमख जिल्ला अधिकारी

२. कोभिड-१९ को थप नयाँ लहरको संक्रमण जोखिम न्यूनीकरण गर्न प्रतिकार्य योजनाका साथ पूर्व तयारी अवस्थामा रहन सिरहा जिल्ला स्थित सबै न.पा./गा.पा. को कार्यालय, सरकारी तथा गैर सरकारी क्षेत्रका अस्पताल समेतलाई जानकारी दिई सो को अनुगमन गर्न स्वास्थ्य कार्यालय सिरहाले सहजीकरण एवं समन्वय गरी नियमित प्रतिवेदन पेश गर्ने।

३. सिरहा जिल्लामा कोभिड - १९ संक्रमण एवम् व्यवस्थापनको देहायको अवस्था वारेमा बैठकमा भयो।

| | संक्रमितको विवरण | | | | | | PCR | | Antigen | | | संक्रमितको उपचार अवस्था | | | | जिल्ल्लामा उपलब्ध स्वास्थ्य पूर्वाधार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | हिजो सम्मको संक्रमितको संख्या | आज थप भएको संक्रमितको संख्या | निको भएको संख्या | हालसम्मको मृत्यु भएको संक्रमित संख्या | विगत २४ घण्टा भित्रको मृत्यु भएको संख्या | हालको सक्रिय संक्रमितको संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | होम आईसोलेसनमा रहेका संक्रमितको संख्या | क्वारेन्टिनमा रहेका संक्रमितको संख्या | सामान्य उपचारमा रहेका संख्या | ICU मा उपचाररत संख्या | HDU उपचाररत संख्या | भेन्टिलेटरमा उपचाररत संख्या | अस्पताल संख्या | वेड संख्या | HDU वेड संख्या (सिरहा अस्पतालको) | ICU संख्या | भेन्टिलेटर संख्या | अक्सिजन सिलण्डर संख्या |
| सिरहा | ३८ | २ | १४४१ | १०५ | ० | ३९ | ५५७६ | १५८५ | ० | ० | ३७ | ० | २ | ० | ० | ० | १५ | ८५७ | २७ | ४४ | १२ | २०५ |

**<u>खोपको कार्यक्रमको अवस्था :</u>**

| अभियान मिति | खोपको नाम | प्राप्त भायल संख्या | पहिलो डोज खोप लगाएको व्यक्ति संख्या | दोश्रो डोज खोप लगाएको व्यक्ति संख्या |
|---|---|---|---|---|
| २०७७ माघ १४ गते देखि हाल सम्मको | कोभिसिल्ड | ४७९० | ४०२८५ | ६८०६ |
| २०७८ जेठ २६ गते देखि २०७८ असार २९ गते सम्मको | भेरो सेल | १०,०१५ | ९९७७ | ७६३० |
| | | | | |

प्रमख जिल्ला अधिकारी